जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक ५२ • २०८३ साल आषाढ २७ गते शनिबार (11 July, Saturday, 2026) • पृष्ठ ४ • मूल्य रु. ५।–

## मधेशका विद्यार्थीले पाए वैदेशिक रोजगार बोर्डको छात्रवृत्ति

**टुडे समाचारदाता**

जनकपुरधाम। वैदेशिक रोजगार बोर्डअन्तर्गतको वैदेशिक रोजगार कल्याणकारी सूचना व्यवस्थापन प्रणालीमार्फत आर्थिक वर्ष २०८२/८३ का लागि वैदेशिक रोजगारमा गएका मृत्यु वा अशक्त श्रमिकका छोराछोरीलाई प्रदान गरिने छात्रवृत्तिअन्तर्गत मधेश प्रदेशका ७१३ जना विद्यार्थी लाभान्वित भएका छन्।

बोर्डले सार्वजनिक गरेको विवरणअनुसार हालसम्म देशभरका कुल ३ हजार ३६३ जना विद्यार्थीले छात्रवृत्ति प्राप्त गरेका छन्। प्रदेशगत रूपमा लुम्बिनीपछि मधेश प्रदेश छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको संख्यामा तेस्रो स्थानमा रहेको छ। लुम्बिनी प्रदेशका ७७८ जना, कोशी प्रदेशका ७३७ जना र मधेश प्रदेशका ७१३ जना विद्यार्थी छात्रवृत्तिका लागि छनोट भएका छन्।

देशभर छात्रवृत्ति पाउनेमध्ये १ हजार ७८१ जना छात्र (पुरुष) र १ हजार ५८२ जना छात्रा (महिला) रहेका छन्। त्यसैगरी गण्डकी प्रदेशका ५३१, बागमती प्रदेशका ३८१, कर्णाली प्रदेशका १३८ र सुदूरपश्चिम प्रदेशका ८५ जना विद्यार्थीले पनि छात्रवृत्ति प्राप्त गरेका छन्।

वैदेशिक रोजगार बोर्डका अनुसार प्राप्त निवेदनहरूको आवश्यक कागजात र निर्धारित मापदण्डका आधारमा छनोट गरी छात्रवृत्ति वितरण गरिएको हो। मृत्यु वा अशक्त भएका वैदेशिक रोजगारमा गएका श्रमिकका छोराछोरीको शिक्षामा सहयोग पुऱ्याउने उद्देश्यले वैदेशिक रोजगार ऐन, २०६४ बमोजिम बोर्डले यो कार्यक्रम सञ्चालन गर्दै आएको छ।

### फेरि उठ्यो राज्यको जवाफदेहिताको प्रश्न

# आत्मदाह प्रयासपछि गणेश नेपालीको निधनपछि बालेन सरकारको कडा आलोचना

**टुडे समाचारदाता**

जनकपुरधाम। शरीरमा आगो लगाएर आत्मदाहको प्रयास गरेका मुगुका युवा गणेश नेपालीको उपचारका क्रममा निधन भएको छ। काठमाण्डुस्थित त्रिपुरेश्वरमा बिहीबार भएको घटनापछि गम्भीर घाइते भएका नेपालीको वीर अस्पतालको सघन उपचार कक्ष (आईसीयू) मा उपचार भइरहेको थियो।

वीर अस्पतालका प्रवक्ता डा. प्रकाश बुढाथोकीका अनुसार उपचारकै क्रममा शुक्रबार उनको निधन भएको छ। अस्पतालका प्लास्टिक सर्जरी विभागका संयोजक डा. पियुष दाहालले चिकित्सकहरूको निरन्तर प्रयासका बाबजुद उनको ज्यान जोगाउन नसकिएको बताए।

उनका अनुसार नेपालीको शरीरको करिब ५५ प्रतिशत भाग गम्भीर रूपमा जलेको थियो। उपचारका लागि प्लास्टिक सर्जरी, क्रिटिकल केयर, एनेस्थेसिया तथा नर्सिङ सेवाका स्वास्थ्यकर्मीसहित २१ सदस्यीय विशेष चिकित्सकीय टोली परिचालन गरिएको थियो।

तर चिकित्सकहरूले बिरामीको अवस्था अत्यन्त जटिल रहेकाले तत्काल आईसीयूबाट सार्न नमिल्ने सुझाव दिएपछि उनलाई विदेश लैजान सम्भव नभएको अस्पतालले जनाएको छ।

घटनापछि उपचार व्यवस्थापनमा सरकारले विशेष चासो देखाएको थियो। गृहमन्त्री सुधन गुरुङसहित सम्बन्धित निकायका प्रतिनिधिहरू अस्पताल पुगेर उपचारको अवस्थाबारे जानकारी लिएका थिए।

काठमाण्डु महानगरपालिकाले निषेधित क्षेत्रमा मोटरसाइकल पार्क गरेको भन्दै ह्विल लक लगाएपछि उत्पन्न विवादका क्रममा नेपालीले त्रिपुरेश्वरमा आफ्नै शरीरमा आगो लगाएका थिए। गम्भीर घाइते अवस्थामा उनलाई तत्काल वीर अस्पताल पुऱ्याइएको थियो।




घटनापछि सामाजिक सञ्जालदेखि राजनीतिक वृत्तसम्म राज्यका निकायको व्यवहार, जरिवाना प्रणाली तथा नागरिकसँगको संवाद शैलीबारे व्यापक बहस शुरु भएको छ।

यता घटनापछि सरकारले पाँच सदस्यीय छानबिन समिति गठन गरेको छ।

गृहमन्त्री सुधन गुरुङका अनुसार नेपाल प्रहरीका डीआईजी गोविन्द थपलियाको नेतृत्वमा समिति गठन गरिएको हो। समितिले घटनाको सम्पूर्ण पक्षको अध्ययन गरी प्रतिवेदन बुझाउनेछ।

गृहमन्त्रीले जनाए अनुसार घटनासँग सम्बन्धित विषयमा सोधपुछका लागि काठमाडौं महानगर प्रहरी बलका तीन जना महानगर प्रहरीलाई नियन्त्रणमा लिइएको छ।

यसैबीच संयुक्त विद्यार्थी संगठनले काठमाण्डुको माइतीघर मण्डलामा प्रदर्शन गर्दै गणेश नेपालीको मृत्युको निष्पक्ष छानबिन र दोषीमाथि कारबाहीको माग गरेको छ।

प्रदर्शनकारीहरूले राज्य संयन्त्र गरिब, श्रमजीवी तथा सुकुम्बासीप्रति संवेदनहीन बनेको आरोप लगाएका छन्। उनीहरूले विकल्पबिनै सुकुम्बासीलाई विस्थापित गर्ने कार्य अन्यायपूर्ण भएको दाबी गर्दै अव्यावहारिक जरिवाना प्रणाली खारेज गर्न, पीडित परिवारलाई उचित क्षतिपूर्ति उपलब्ध गराउन तथा सुकुम्बासीहरूको सम्मानजनक व्यवस्थापन गर्न सरकारसँग माग गरेका छन्।

२०७९ माघमा इलामका व्यवसायी प्रेमप्रसाद आचार्यले नयाँ बानेश्वरमा संसद् भवन अगाडि आत्मदाह गरेका थिए। व्यवसाय सञ्चालनका क्रममा भोग्नुपरेको आर्थिक, प्रशासनिक तथा नीतिगत समस्याबारे सामाजिक सञ्जालमा लामो लेख सार्वजनिक गरेपछि उनले आत्मदाह गरेका थिए। उनको उपचारका क्रममा कीर्तिपुर अस्पतालमा निधन भएको थियो। उक्त घटनाले सरकारी सेवा प्रणाली, उद्यमीको समस्या तथा राज्यको उत्तरदायित्वबारे देशव्यापी बहस सिर्जना गरेको थियो।

## 'नागरिकले आफ्नै शरीरमा आगो लगाउनुपर्ने अवस्था राज्यको गम्भीर असफलता'

**टुडे समाचारदाता**

जनकपुरधाम। जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले कुनै पनि नागरिक आफ्नो पीडा, निराशा वा अन्यायको अनुभूतिलाई आत्मदाहजस्तो अन्तिम निर्णयमार्फत अभिव्यक्त गर्न बाध्य हुनु कानुनी राज्यका लागि अत्यन्त गम्भीर चेतावनी भएको बताएका छन्।

शुक्रबार एक विज्ञप्ति जारी गर्दै अध्यक्ष यादवले गणेश नेपालीको उपचारका क्रममा भएको निधन लोकतान्त्रिक एवं कानुनी राज्यका लागि गम्भीर चेतावनी भएको बताएका छन्।

अध्यक्ष यादवले उक्त घटनालाई केवल व्यक्तिगत दुर्घटना वा क्षणिक आवेगका रूपमा टार्न नहुने उल्लेख गर्दै यसको वास्तविक कारण, पृष्ठभूमि तथा त्यसतर्फ पुऱ्याउने सबै परिस्थितिको निष्पक्ष, पारदर्शी र विश्वसनीय छानबिन गर्न सरकारसँग माग गरेका छन्।

घटनामा कुनै व्यक्ति, संस्था वा राज्य संयन्त्रको लापरबाही, अन्याय वा गैरजिम्मेवारी देखिए कानुनबमोजिम कडा कारबाही हुनुपर्ने उनको भनाइ छ।

उनले सरकारले दिवंगत गणेश नेपालीका परिवारलाई उचित राहत, सम्मानजनक क्षतिपूर्ति तथा आवश्यक सामाजिक र आर्थिक सहयोग तत्काल उपलब्ध गराउनुपर्ने माग पनि गरे।

त्यस्तै, श्रमिक वर्ग, कामदार, युवा तथा आम नागरिकका गुनासा समयमै सम्बोधन गर्ने, न्यायमा सहज पहुँच सुनिश्चित गर्ने र मनोसामाजिक सहयोगलाई प्रभावकारी बनाउने संस्थागत व्यवस्था गर्न सरकारसँग आग्रह गरेका छन्।

'मानव जीवनभन्दा ठूलो कुनै पनि विषय हुन सक्दैन। राज्यको पहिलो दायित्व नागरिकको जीवन, सम्मान र न्यायको संरक्षण गर्नु हो। कुनै पनि नागरिकले आफ्नो आवाज सुनाउन जीवन नै समाप्त गर्नुपर्ने अवस्था सिर्जना हुनु सभ्य समाजका लागि स्वीकार्य हुन सक्दैन,' अध्यक्ष यादवले जारी गरेको वक्तव्यमा उल्लेख गरिएको छ।

# मधेशमा ५६.३१ प्रतिशत बजेट खर्च

**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेशमा आर्थिक वर्ष २०८२/८३ मा ५६.३१ प्रतिशत बजेट खर्च भएको छ। ०८२/०८३ मा सबैभन्दा बढी स्वास्थ्य मन्त्रालयले खर्च गरेको छ भने सबैभन्दा कम खर्च गर्नेमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय भएको छ।

मधेश प्रदेश सरकारले आर्थिक वर्ष २०८२/०८३ मा विनियोजित कुल बजेटको ५६.३१ प्रतिशत खर्च गरेको छ प्रदेश कोष तथा लेखा नियन्त्रण कार्यालयका अनुसार चालु र पुँजीगत दुवैतर्फ गरी विनियोजित ४६ अर्ब ९८ करोड ३३ लाख ५१ हजार रुपैयाँमध्ये २६ अर्ब ४५ करोड ६७ लाख ४७ हजार ९ रुपैयाँ खर्च भएको छ।

कोष तथा लेखा नियन्त्रण कार्यालयले जनाए अनुसार चालुतर्फ ६०.६९ प्रतिशत तथा पुँजीगततर्फ ५४.१२ प्रतिशत बजेट खर्च भएको छ। चालु खर्चका लागि अन्तिम बजेट १५ अर्ब ६३ करोड ८२ लाख २१ हजार ८२० रुपैयाँ विनियोजन गरिएकोमा ९ अर्ब ४९ करोड १५ लाख ९८ हजार ९०० रुपैयाँ खर्च भएको छ। त्यस्तै, पुँजीगततर्फ ३१ अर्ब ३४ करोड ५१ लाख २ ९ हजार १८० रुपैयाँ विनियोजन गरिएकामा १६ अर्ब ९६ करोड ५१ लाख ४८ हजार १०९ रुपैयाँ खर्च भएको छ।

प्रदेशसभातर्फ कुल ६८.६० प्रतिशत बजेट खर्च भएको छ। यसमध्ये चालुतर्फ ६८.४२ प्रतिशत र पुँजीगततर्फ ३७.३९ प्रतिशत खर्च भएको प्रदेश कोष तथा लेखा नियन्त्रण कार्यालयले जनाएको छ।

त्यस्तै, प्रदेश लोक सेवा आयोगले कुल ६५.६० प्रतिशत बजेट खर्च गरेको छ। प्रदेश लोकसेवा आयोगतर्फ चालु खर्च ६८.४२ प्रतिशत तथा पुँजीगत खर्च ३७.३९ प्रतिशत रहेको तथ्यांकमा उल्लेख गरिएको छ।




मन्त्रालयगत खर्चको विवरण हेर्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सबैभन्दा बढी खर्च गर्ने मन्त्रालय बनेको छ। मन्त्रालयले विनियोजित बजेटको ७१.४५ प्रतिशत खर्च गरेको छ।

स्वास्थ्य मन्त्रालयका लागि ६ अर्ब ९ करोड ९५ लाख ७० हजार ४४२ रुपैयाँ अन्तिम बजेट विनियोजन गरिएकोमा ४ अर्ब ३५ करोड ८० लाख २३ हजार ९५५ रुपैयाँ खर्च भएको छ। त्यसैगरी शिक्षा तथा संस्कृति मन्त्रालयले ६७.८८ प्रतिशत, अर्थ मन्त्रालयले ६५.६८ प्रतिशत, वन तथा वातावरण मन्त्रालयले ६३.७६ प्रतिशत, भौतिक पूर्वाधार विकास मन्त्रालयले ५८.६७ प्रतिशत तथा उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयले ५१ प्रतिशत बजेट खर्च गरेका छन्।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले ४७.८७ प्रतिशत, गृह, सञ्चार तथा कानुन मन्त्रालयले ४८.९२ प्रतिशत, श्रम तथा यातायात मन्त्रालयले ४९.९१ प्रतिशत तथा ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयले ४०.६५ प्रतिशत बजेट खर्च गरेका छन्।

सबैभन्दा कम बजेट खर्च गर्ने मन्त्रालय भने मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय रहेको देखिन्छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आर्थिक वर्षभरि विनियोजित बजेटको ३६.०६ प्रतिशत मात्रै खर्च गर्न सकेको छ।

प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८२/०८३ मा कुल २६ अर्ब ४५ करोड ६७ लाख ४७ हजार ९ रुपैयाँ खर्च गरेको प्रदेश कोष तथा लेखा नियन्त्रण कार्यालयले जनाएको छ।


## कर्मचारी सञ्चय कोषबाट घर जग्गा धितोमा आधारित सापटी लिएर किस्ता नियमित नगरेका सञ्चयकर्तालाई किस्ता नियमित गर्ने सम्बन्धी सूचना

कोषको शाखा कार्यालय, जनकपुरबाट विभिन्न मितिमा **घर सापटी**, **शैक्षिक सापटी**, **घर मर्मत सापटी**, **सरल सापटी** (**साबिक सरल चक्र कर्जा**) **र जग्गा खरिद सापटी** लिएका ऋणी सञ्चयकर्ताले आ.ब. २०८२/८३ को **अन्तिम तथा चौंथो** त्रैमासमा कोषलाई भुक्तानी गर्नुपर्ने किस्ता बापतको रकम मिति २०८३ असार मसान्तभित्र बुझाउनुहुन अनुरोध छ।

नियमित त्रैमासिक किस्ता भुक्तानी गर्ने ऋणी सञ्चयकर्तालाई कोषले त्रैमास ब्याजमा **०.२५ प्रतिशत** ब्याज छुट दिने व्यवस्था रहेको छ। सापटीको किस्ता नियमित नगरेको अवस्थामा कर्मचारी सञ्चय कोष, सञ्चयकर्ता कर्जा असुली विनियम, २०७९ बमोजिम असुली प्रक्रियामा जाने व्यहोरा समेत जानकारी गराइन्छ।

**कोषमा रकम भुक्तानी गर्ने प्रक्रिया :**

| | |
|---|---|
| KYC Update गरेका सञ्चयकर्ताले | • Connect IPS Login गरी Semi–Govt (Sansthan) मा Click गरी,<br>• Mobile मा कोषको EPF App Download गरी EPF App भित्र रहेको Loan Payment Option मा Click गरी,<br>• आफ्नो Bank को Banking App भित्र रहेको Payment मा गई Pension Fund भित्र रहेको कर्मचारी सञ्चय कोषमा Click गरी,<br>• कोषको website epf.org.np मा गई Individual Login गरी Loan Payment मा Click गरी, |
| KYC Update नगरेका / अवकाश हुनुभएका सञ्चयकर्ताले, | • कोषले तोकेका बैंक खाता मार्फत कोषको खातामा रकम जम्मा गरी भौचर कोष कार्यालय जनकपुरमा उपलब्ध गराउन वा janakpur@epf.org.np मा उक्त भौचर ईमेल गरी पठाउन सकिनेछ। |

**कर्मचारी सञ्चय कोष**
शाखा कार्यालय, जनकपुर
फोन : ०४१-४२२१६७/४२२१६६/४२२१६५



मधेश प्रदेशको राजधानी साँस्कृतिक नगरी जनकपुरधाम स्थित होटल




ANJANI SUITE

**विशेषताहरू**

- लक्जरीयर्स रुमहरु
- ठुलो पार्किङ्ग
- जनकपुरधामको रमणीय दृश्य देखिने रुफटप रेष्टुरेन्ट
- EV चार्जिङ्ग स्टेशनको व्यवस्था
- मल्टीक्युजन रेष्टुरेन्ट, पार्टी हल, कन्फेन्स हल
- विमानस्थलबाट पिकअप एण्ड ड्रपको व्यवस्था

**सम्पर्क**
९८५४०३०५०२, ९८५४०२७५९१
हनुमान मार्ग, कपालमोचनी सर, जनकपुरधाम-८, धनुषा
Anjani Suite

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## ।। आफ्नो कोही छैन ।।

जीवनको बाटोमा हिंड्दै जाँदा धेरै मानिसहरू भेटिए। कसैले
साथ दिने वाचा गरे, कसैले कहिल्यै नछोड्ने कुरा गरे।
तर समय बित्दै जाँदासबै आफ्नै बाटो लागे।
र म फेरि त्यहीँ उभिएँ, जहाँ एक्लोपनले मात्र साथ दिएको थियो।
अब त कसैको वाचामा भरोसा लाग्दैन। किनकि शब्दहरू सजिलै
बोलिन्छन्, तर निभाउन सबैले सक्दैनन्।
सायद जीवनले यही सिकाउन खोजेको हो-आफ्नो खुशी अरूमा
होइन, आफैंभित्र खोज्नुपर्छ।
किनकि अन्त्यमा मानिससँग सबैभन्दा धेरै साथ दिने उसको
आफ्नै साहस र धैर्य नै हो।
नामः ईन्द्र कुमार महतो
ठेकानाः गौशाला नगरपालिका वडा नम्बर ८ महोत्तरी
हाल बसाईः काठमाडौं
मेरो माटोको प्रमाण"
भौतारिँदै छन् पैतालाहरू आफ्नै आँगनको धूलोमा,
अधिकार खोज्दै आँसु खस्छ, जनकपुरको यो भूलोमा।
भन्छन् यहाँ प्रमाण चाहिन्छ, तिम्रो स्वामित्वको कथा कहाँ छ?
सदियौँदेखि पसिना बगाएँ, तर लालपुर्जाको पाना कहाँ छ?
सिंहदरबारको आँखा धमिलो, जानकी मन्दिरको छायाँमुनि,
आफ्नै घरमा विरानो भइयो, कागजको त्यो खोस्टो सुनि।
अब त धैर्यको बाँध फुट्छ, आक्रोशको राँको बल्न बेर छैन,
हक र पहिचान नपाए सम्म, यहाँ कोही पनि चुप रहने छैन।
नभत्काऊ मेरो बाजेको चिनो, नखोस मेरो बस्ने ओत,
यो लालपुर्जा मात्र कागज होइन, मेरो जीवनको हो मूल स्रोत।
प्रमाणित गर मेरो माटो मलाई, नत्र यहाँ आन्दोलनको राँको बल्छ,
न्याय नपाए यो जनकपुरमा, अब अधिकारकै लागि तोरफोड चल्छ।

**नोट...**

आफ्नो हक र लालपुर्जाको माग गर्नु नागरिकको अधिकार हो,
तर आन्दोलन र आक्रोशका बीच आफ्नै सहरको सार्वजनिक
सम्पत्तिको सुरक्षा गर्नु पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ। कानुनी र
शान्तिपूर्ण प्रक्रियाबाटै यो समस्याको निकास निस्कियोस् भन्ने
मेरो कामना!



**नाम:ढिपेन्द्र कुमार साह**
**ठेगाना:जनकपुर देवी चोक**
**पेशा:सिभिल**

## "मनक भेल अघोर"


सोचल सपना सोभा सामने टुटल जाय ।
शरिर त शरिर मन सेहो टुटल जाय ।।
सोचै छि बौवा बुचि क जिवन कोना होइत इजोर।
प्रगति नइ देखला पर मनक भेल अघोर।।
खराब कुलत बानि से सब जुटल जाय।
समाज त समाज आव अभिभावक सेहो पछा हटल जाय।।
अखन क समाज क बौवा बुची क जिवन कोना होइत इजोर।।
समाजक नाटक देखला स मनक भेल अघोर।।
शिक्षण पेशा स मन उठल जाय।
बिश्वास त बिश्वास आव आत्मबिश्वास सेहो टुटल जाय।।
सोचै छि अभिभावक समभत बौवा बुचि क जिवन कोना होइत इजोर।
उन्नति नै देखला स मनक भेल अघोर।।
अभिभावक त अभिभावक समाजो पछा हटल जाय।
बिद्यालय समिति साथ सरकारो से नाता टुट्ल जाय।।
देश क रक्षा करत बौवा बुचि क जिवन कोना होइत सोर।
नैतिक शिक्षा गुण्क नदेखला से मनक भेल अघोर।।
मनक मोटाव स समाजमे सधन भगडा होइत जाय।
समाजक भला आदमि गाइर डर स सेहो पछा हटल जाय।।
राइतो गेला स भोर मे होइत इजोर।
समाजक खराब रीतिरिवाज स मनक भेल अघोर।।



**नामः श्याम किशोर याढव**
**ठेगानाः पिपरा ०५ (हरदिया) महोत्तरी**
**हाल बसोबास:विशनुपुर ०४(थलहा) सिरहा**

## ।। हाम्रो अमूल्य मित्रता ।।

सोनमको मुस्कान उज्यालो बिहान जस्तै,
सन्जिलाको साथले हरेक पल बनाउँछ रमाइलो।
सन्जुको माया मनभरि बसिरहन्छ,
पूजाको मित्रता सधैं अमूल्य लागिरहन्छ।
सुखमा सँगै, दुःखमा पनि हात समाउँदै,
विश्वास र मायाले सम्बन्ध सजाउँदै।
समय बिते पनि नटुटोस् यो साथ,
सधैं रहोस् हाम्रो मित्रताको मिठो याद।
तिमीहरूजस्ता साथी पाउनु ठूलो सौभाग्य हो,
जीवनभर यही मित्रता अमर रहोस्।
सोनम, सन्जिला, सन्जु र पूजा,
तिमीहरू मेरो मनका सधैं विशेष साथी हौ।



**पवन कु. याढव ,ठेगाना : क्षिरेश्वोरनाथ नगरपालिका -६, सखुवा बजार**

## ।। मानवसेवा आश्रमः लाखौंको सहारा ।।

कोही नहुनेले पनि कहिल्यै चित्त
दुखाउनु पर्दैन अब
कोही नहुनेको साथमा पनि
देवस्वरूप आश्रम छ अब ।
थिएन पहिले ओत लाग्ने ठाउँ कतै
थिएन गाँस र बास पनि
उजाड लाग्दो एक्लो जीवनमा
त्यही आश्रमले दियो आस पनि ।
कुनै जात र धर्मको विभेद छैन यहाँ
न त भेदभाव र घमण्डको पर्खाल
मानवता र दया नै हो यहाँ
दुःखीको आँसु मेट्ने बलियो आधार ।
छैन कुनै असमानता यहाँ
छैन कुनै भेदभावको छाप
गाढा हुँदै गएको छ अभ्र यहाँ
दिनदिनै माया र मानवताको प्रभाव।
गर्दै हिंड्ने सधैं यहाँ सेवा अनि
मिलाउँदै भोक बास र आहारा
त्यही मानवसेवा आश्रम आज
बनेको छ लाखौं मानिसको सहारा ।।



**लेखक :पर्वत राज रखाल (पर्खाल धनुषा)**
**ठेगाना : ग. चा.न.पा.१ (धनुषा)**

## ।। संविधान देउ ।।

चेत चैतन्य सभासद हो
याद गर आफू धारण गरेको पद
संविधान सभा मार्फत जन संविधान लेख
शोषित पीडित शिक्षाबाट वञ्चित समाजका लागि न्यायिक
हितकर स्वस्थ संविधान लेख
दिने सर्वशक्तिमान छ धोका न देउ
दिनु छ भने वाचा गरेको समानुपातिक समावेशी संविधान देउ
चेत चैतन्य सभासद हो
याद गर क्रान्तिको मर्म र शहीदहरूको सपना
समाजमा रहेको विधमान उत्पीडन र भलाकुसारी
मनभावना विरोधीको जिउ गलिरहेको छ त
कसैको जिब्रो सडिरहेको छ धोका न देउ
जनविरोधी नबन समयलाई चिन
समयमा नै समानुपातिक समावेशी जन संविधान देउ
बुझे खसवादी हो तिमी ससंकित छौ
पहिचान स्वायतता र संविधानबाट
त्यस्तो छ भने शङ्का त्याग गर
क्रान्तिको बलि सहिदहरुको सपना पुरा हुने समय यही हो
आहुती नदिन लगाउ अझै जनलाई
बाटो पहिल्याउ सुझबुझमा जाउ समयमै जन संविधान ल्याउ
एकअर्कालाई मायाको मलम लगाउ अधिकार सुनिश्चित गर्न लगाउ



**कवि प्रमोद राम**
**जनकपुरधाम**

## ।। एकतर्फी प्रेम ।।

तिमीलाई मन पराएँ, यो मेरो भूल भयो,
मनभित्र तिम्रै नामको सुन्दर फूल भयो।
तिमीलाई थाहै भएन, मेरो माया कति थियो,
तर हरेक धड्कनमा तिम्रै सम्झना रह्यो ।
तिमी हाँस्दा मेरो संसार उज्यालो हुन्थ्यो,
तिमी टाढिँदा मनभित्र अँध्यारो हुन्थ्यो।
आफ्नो बनाउने सपना हरेक रात आउँथ्यो,
बिहानीसँगै त्यो सपना फेरि हराएर जान्थ्यो।
सन्देशको प्रतीक्षामा दिनरात बिताएँ,
मनका हजारौं कुरा आफैँमै लुकाएँ।
तिमीले कहिल्यै मेरो भावना बुझिनौ,
मायाको बाटोमा एक्लै हिंड्न मलाई छोड्यौ।
तिमी खुसी छौ भने म पनि खुसी हुनेछु,
आँसु लुकाएर मुस्कुराउन फेरि सिक्नेछु।
एकतर्फी प्रेमको कथा यहीँ अन्त्य गरुँला,
तर तिम्रो सम्झनालाई सधैं मनमै राखुँला।
माया त अधुरै रह्यो, तर गुनासो छैन,
भाग्यले लेखेको कथामा कसैको दोष छैन।
तिमी नभए पनि मुटुमा सम्मान रहनेछ,
मेरो निस्वार्थ प्रेम सधैँ तिम्रै नाममा रहनेछ।



**नामः लालबाबु याढव**
**ठेगानाः औरही-३, सिरहा**

## ।। चल मिता गाम रे ।।

एलै अखार महिना चल मिता गाम रे
नै भेटै जनबनमिता खेत मे रोपब धान रे
माय बाबू बुढ भेलै बौवा बुच्ची छोटे छै
नै रोपबे खेत मिता केना खैबे भात रे
ढौए कमाक नै होतौ मिता बात हमर सुन
एते बात बुझ मिता कनिको लगारे गुन
सब युवा युवती मिता गेल छै विदेश रे
काचे उमेरमे मिता पाकलागल छै केस रे
भष्टाचारके हाथमे मिता परल छै देश रे
जे ओकर विरोध करै छै सिधाजाई छै जेल रे
मिल जुइल क मिता लुटै छै देश रे
नेता सबके मौज छै मिता करै मनमानी
जनताके जिन्दगी मिता अलगे छै कहानी
एलै अखार महिना चल मिता गाम रे
नै भेटै जनबन मिता खेतमे रोपब धार रे



**धनेश्वर ठाकुर**
**धनुषाधाम, ४ लक्ष्मीपुर**
**हाल सात समुद्र पार दोहा कतार**

## ।। दुःख मा टाढा हुने संसार देखेछु ।।

मैले चोट देखेको छु ,पीडा अनि हार देखेको छु :
संघर्षको बाटोमा पनि मैले काँडेतार देखेको छुः:
सयौँ जुनि एकसाथ बिताउला भन्ने हरुले पनिः
अनेक बहाना बनाइ गरेको मारामार देखेको छुः:
सुख पर्दा यौटै थालमा खान खोज्नेहरुको पनिः
दुख पर्दा भएको त्यो पानी बाराबार देखेको छुः:
आफू जलेर मात्र कहाँ हुदो रैछ र जिन्दगीमाः
सफल नहुदा जिन्दगी मैले लाचार देखेको छुः:
तिम्रो भलो चाहँदा चाहँदै मरेभने माफ गरिदिनुः
अनजानमा मैले केहि गल्ती गरेभने माफ गरिदिनुः:
सुख दुख नभनी कोसिस गरेकै हु मैले साथ रहनः
तिमिलाई छोडी सात समुन्द्र तरेभने माफ गरिदिनुः:
खै किन उजाड उजाड लाग्छ जिन्दगी आज भोलिः
यदि मै पहिला स्वर्गको बाटो सरेभने माफ गरिदिनुः:
कसलाई थाहा छ र कें हुन्छ कतिबेला जिन्दगीमाः
तिम्रो जन्ती मेरो मलामी सँगै परेभने माफ गरिदिनुः:

**बिरेन्द्र कुमार चौधरी**
**धनुषा, हरिहरपुर**

## ।। ढुक्क छैन म ।।


तिमीले देश बनाउँछौ भन्यौ,
म ढुक्क थिएँ।
तिमीले देश बनाउँछौ भन्यौ,
म ढुक्क थिएँ।
तर एकाएक,
तिम्रो बोलीको प्रतिध्वनि पनि नमेटिँदै,
आफ्नै आमाको अस्मितामाथि औँला उठायौ।
माटो छोएर कसम खायौ,
तर त्यही माटोमाथि प्रश्न गर्न थाल्यौ।
आमाको महिमा गाउँदै हिँड्यौ,
तर सन्तान हुनुको कर्तव्य बिर्सियौ।
कोखको माया बिर्सियौ।
त्यसैले आज,
म ढुक्क छैन।
त्यसैले आज,
म ढुक्क छैन।
मेरो मन,
देशको चिन्ताले ढुकढुक गरिरहेको छ।
स्वार्थले प्रेरित भएपछि,
सायद धेरै कुरा बिर्सन सकौला।
स्वार्थले प्रेरित भएपछि,
सायद धेरै कुरा बिर्सन सकौला।
तर नबिर्स
तिमीमाथि असीम भरोसा बोकेर
मतको भारी बिसाउने जनतालाई।
जनता उभिएको माटोलाई।
तिमीलाई आशीर्वाद दिने ती बाआमालाई नबिर्स।
यसरी बिर्सने शिलशिला बढ्दै गयो भने,
यसरी बिर्सने शिलशिला बढ्दै गयो भने,
एक दिन तिमीले
देशलाई नै बिर्सन सक्छौ।
तर जुन दिन देशलाई बिर्सन्छौ,
त्यो दिन भन
तिमी कसको शासक बन्नेछौ?
कसको नेतृत्व गर्नेछौ?
धन्यवाद। जय नेपाल



**लेखक : अभिषेक यादव**
**ठेगाना : जनकपुरधाम उपमहानगरपालिका-५, (बेल्ही टोल)**

# करण जोहरले ३५० करोडमा लिए 'रामायण'को वितरण अधिकार

एजेन्सी । 'दंगल' निर्देशक नितेश तिवारीको निर्देशनमा बनेको नयाँ फिल्म 'रामायण' सन् २०२६ को सबैभन्दा बहुप्रतीक्षित भारतीय फिल्म हो । आइएमडीबीको 'मोस्ट एन्टिसिपेटेड इन्डियन मुभिज'को सूचीमा समेत पहिलो स्थानमा परेको यो फिल्मको पहिलो भाग तिहारमा प्रदर्शन हुँदैछ । फिल्मले भारतमा अहिलेसम्मकै सबैभन्दा ठूलो ओपनिङ गर्ने अनुमान गरिएको छ ।



'रामायण'को क्रेजलाई मध्यनजर गर्दै भारतीय निर्माता तथा निर्देशक करण जोहरको कम्पनी धर्मा प्रोडक्सन्सले केही दिनअघि मात्र फिल्मको भारतभरको वितरण अधिकार खरिद गरेको बलिउड हंगामाले जनाएको छ । यसअघि २५० करोड भारुमा धर्माले फिल्मको वितरण अधिकार लिएको खबर बाहिरिएको भए पनि वास्तविक सम्झौताको रकम त्योभन्दा बढी रहेको खुलेको छ ।

बलिउड हंगामाका अनुसार फिल्मको हिन्दी वितरण अधिकार धर्माले ३५० करोड भारतीय रुपैयाँमा खरिद गरेको हो । यो भारतीय फिल्म इतिहासकै सबैभन्दा ठूलो थिएटर वितरण सम्झौता भएको बताइएको छ । यसअघि सबैभन्दा महँगोमा फिल्म 'किङ'को थिएटर वितरण अधिकार बिक्री भएको थियो, जसलाई पेन मरुधर कम्पनीले २५० करोड भारुमा खरिद गरेको छ ।

भारतमा वितरक कम्पनीले 'मिनिमम ग्यारेन्टी' (एमजी)को मोडलमा फिल्मको वितरण अधिकार लिने गरेका छन् । यसअन्तर्गत वितरकले निर्मातालाई पहिले नै निश्चित रकम (जस्तै ३५० करोड) तिर्छन् । त्यसपछि वितरकले हलबाट भएको आम्दानीबाट पहिले आफ्नो लगानी, खर्च र कमिसन उठाउँछन् । त्यसपछि सम्झौताअनुसार नाफाको रकम वितरक र निर्माताबीच बाँडिन्छ ।

'रामायण'मा रणवीर कपूरले भगवान् रामको भूमिकामा अभिनय गरेका छन् । सीताको भूमिकामा साई पल्लवी छिन् । हनुमानको भूमिका सनी देओलले निभाएका छन् भने रावणको चरित्रमा साउथ सुपरस्टार यशले अभिनय गरेका छन् । लक्ष्मणको भूमिकामा रवि दुबेलाई देख्न सकिनेछ । यो विशाल 'स्टारकास्ट'का कारण दर्शकमाझ फिल्मको पर्खाइ ठूलो देखिन्छ ।

# दशैंमा 'डबल ट्रिपल' ल्याउँदै अशोक शर्मा !

काठमाण्डु । दशैं हरेक निर्माताको रोजाइमा पर्ने गरेको छ । लामो विदा र दर्शक 'फेस्टिभ मुड'मा हुने भएकाले फिल्मको व्यापार राम्रो हुने विश्वासमा दशैंको मिति कब्जा गर्न हरेक वर्ष निर्माताहरूबीच हानाथाप हुने गर्छ । गत वर्षकै कुरा गर्ने हो भने दशैंमा एकसाथ तीन फिल्म प्रदर्शनमा आएका थिए । यस वर्षको दशैंमा प्रतिस्पर्धा झन् रोचक हुने संकेत देखिएको छ ।




अहिलेसम्म चार फिल्म 'छ माया छपक्कै २', '१२ गाउँ २', ' आ बाट आमा २' र 'बाटुलो जून'ले दशैंलाई प्रदर्शन मिति तय गरिसकेका छन् । यसमध्ये 'आ बाट आमा २' र 'बाटुलो जून' असोज ३० मा आउँदैछन् । 'छ माया छपक्कै २' र '१२ गाउँ २' भने फूलपातीको दिन प्रदर्शन हुने सम्भावना छ । अब यी चार फिल्मलाई चुनौती दिन दशैंमा अर्को फिल्म पनि आउने भएको छ ।

निकट स्रोतका अनुसार निर्देशक तथा निर्माता अशोक शर्माले आफ्नो नयाँ फिल्म 'डबल ट्रिपल'लाई दशैंमा ल्याउने निधो गरेका छन् । उनले केही दिनभित्र फर्स्टलुक पोस्टर सार्वजनिक गर्दै फूलपातीको अघिल्लो दिन अर्थात् असोज ३० गतेलाई प्रदर्शन मिति घोषणा गर्न लागेको बताइएको छ । उनले केही महिनाअघि नै फिल्मको छायांकन पूरा गरिसकेका छन् ।

'डबल ट्रिपल'लाई अशोक स्वयंले निर्देशन गरेका हुन् भने फिल्ममा दयाहाङ राई, केकी अधिकारी, खगेन्द्र लामिछाने, मिरुना मगर, विल्सन विक्रम राईलगायतको अभिनय रहेको छ । अब यो फिल्म दशैंमा आउने भएपछि ५ फिल्मको भिडन्त रोचक हुने देखिन्छ । त्यसमाथि हरेक फिल्ममा 'स्टार' कलाकार रहेकाले कुन फिल्मले बाजी मार्छ भन्ने चासो पनि बढेको छ । फिल्मीखबर

# सर्लाहीमा पनि आत्मदाहको प्रयास

**टुडे समाचारदाता**

जनकपुरधाम । मुगुका गणेश नेपालीले काठमाडौंमा गरेको आत्मदाहको घटना सेलाउन नपाउँदै सर्लाहीमा समेत एक युवकले आत्मदाहको प्रयास गरेका छ्न् ।

जिल्लाको गोडैता नगरपालिका-१०,सिसौटीया बस्ने ३५ वर्षीय विवेक मण्डलले यस्तो प्रयास गरेका हुन् । शुक्रवार दिउँसो पौने ४ बजे गोडैता बजारमा उनले आफ्नो शरीरमा पेट्रोल छर्केर आगो लगाएका थिए । तुरुन्तै उद्धार गरेर मलंगवास्थित प्रादेशिक अस्पताल पुर्याइएकोमा मण्डललाई थप उपचारका लागि काठमाडौं ल्याउने तयारी गरिएको छ ।

पछिल्लो समय उनी घरायसी र मानसिक समस्याबाट गुज्रिरहेको बुझिएको छ । एमएससी सकेका उनले कलेज पढाउने गरेकोमा एक वर्षयता अध्यापन कार्यसमेत छोडेको बताइन्छ ।

अस्पतालमा सशस्त्र प्रहरी नायब उपरीक्षक (डिएसपी) एकराज बुर्लाकोटीको कमाण्डमा ११ जनाको टोली खटिएको छ । पछिल्लो समय उनी घरायसी र मानसिक समस्याबाट गुज्रिरहेको बुझिएको छ । एमएससी सकेका उनले कलेज पढाउने गरेकोमा एक वर्षयता अध्यापन कार्यसमेत छोडेको बताइन्छ ।

# गौशालामा बोक्सी कुप्रथा उन्मुलन अभियान

**टुडे समाचारदाता**

जनकपुरधाम । 'नेपालबाट बोक्सी कुप्रथा उन्मूलन महाअभियान' अन्तर्गत महोत्तरीको गौशालामा चेतनामूलक कार्यक्रम सम्पन्न भएको छ । बोक्सी कुप्रथाको नाममा हुने हिंसा, विभेद र मानवअधिकार उल्लंघन अन्त्य गर्ने उद्देश्यले सो कार्यक्रम सम्पन्न गरिएको हो ।



'मान्छे बोक्सी हुन्न कहिल्यै' राष्ट्रिय जागरण प्रतिष्ठान नेपालको आयोजनामा गत असार १० गतेदेखि सुरु भएको अभियान धनुषा र रौतहट हुँदै महोत्तरी पुगेका हुन् । सो अभियान अन्तर्गत बोक्सी आरोपबाट प्रभावित घटनास्थल तथा समुदायमा शिक्षा, जनचेतना र अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको छ ।

कार्यक्रमलाई सम्बोधन गर्दै महोत्तरी-१ का प्रतिनिधिसभा सदस्य प्रमोद महतोले बोक्सी कुप्रथा सभ्य समाजका लागि कलंक रहेको भने । उनले भने अन्धविश्वास र कुसंस्कारका कारण अझै पनि महिलामाथि अमानवीय व्यवहार हुँदै आएको छ ।

यस्ता घटनाको अन्त्यका लागि राज्य, समाज र नागरिकको साझा प्रयास आवश्यक रहेको धारणा राख्दै कुनै पनि व्यक्ति बोक्सी हुन नसक्ने भन्दै वैज्ञानिक सोच, शिक्षा र जनचेतनामार्फत मात्रै यस्तो कुप्रथाको अन्त्य गर्न सकिने उनले बताए ।

अभियानका संयोजक कोविदशरण उपाध्यायले कानुनी व्यवस्था भए पनि नेपालमा बोक्सी आरोपका घटना पूर्ण रूपमा अन्त्य हुन नसकेको बताए । उनले भने ग्रामीण क्षेत्रमा अज्ञानता, अन्धविश्वास, गरिबी र सामाजिक विभेदका कारण महिलाहरू अझै पनि यस्तो हिंसाको सिकार भइरहेको छ ।

कार्यक्रममा बोक्सी आरोपबाट प्रताडित इतरिया देवी रामलाई दोसल्ला ओढाएर सम्मान गरिएको थियो । उनले आफूले भोगेको पीडा सुनाउँदै समाजमा अझै पनि बोक्सीको आरोपका कारण महिलाले अपमान, हिंसा र सामाजिक बहिष्कार सहनुपरेको अनुभव सुनाएकी थिइन ।

राष्ट्रिय महिला आयोग र इन्सेकको तथ्यांकअनुसार पछिल्लो पाँच वर्षमा मधेस प्रदेशमा मात्रै बोक्सी आरोपसँग सम्बन्धित ३५० भन्दा बढी मुद्दा दर्ता भएका छन् । तथ्यांकले बोक्सी आरोपका अधिकांश पीडित महिला रहेको तथा अन्धविश्वास, सामाजिक विभेद र कमजोर कानुनी कार्यान्वयनका कारण यस्ता घटना अझै दोहोरिने गरेको देखाएको छ ।

# अर्थमन्त्री भट्टराईको 'ब्रेक'पछि हरायो असारे भिड

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारको प्रशासनिक क्षेत्र मधेश भवनमा आर्थिक वर्षको अन्तिम साताामा देखिने अस्वाभाविक भीड यस वर्ष भने देखिएन । अर्थ मन्त्रालयले नयाँ कार्यक्रम स्वीकृतिमा रोक, रकमान्तरमा कडाइ, अनुत्पादक खर्च नियन्त्रण तथा अन्तिम समयमा हुने खर्च व्यवस्थापनमा प्रतिबन्ध लगाएपछि वर्षौंदेखि दोहोरिँदै आएको 'असारे खर्च'को प्रवृत्तिमा उल्लेखनीय कमी आएको छ ।



विगतमा बजेट रकमान्तर, भुक्तानी तथा अन्तिम समयमा योजना थप्न मन्त्रालय धाउने बिचौलिया, ठेकेदार प्रतिनिधि र विभिन्न स्वार्थ समूहको चहलपहल यस वर्ष लगभग हराएको कर्मचारीहरू बताउँछन् । रकमान्तरमा कडाइ गरिएपछि मन्त्रालय र लेखा शाखामा अन्तिम समयमा हुने फाइलको चाप पनि घटेको छ। श्रम तथा यातायात मन्त्रालयका सचिव रञ्जित यादवले खर्च नियन्त्रणका कारण केही रकम व्यवस्थापनमा कठिनाइ भए पनि वित्तीय अनुशासन मजबुत बनेको बताए । खेलकुद तथा समाजकल्याण मन्त्रालयका निमित्त सचिव सुशील साहका अनुसार अन्तिम समयमा हुने अस्वाभाविक दबाब हट्दा भुक्तानी प्रक्रिया नियमित र सहज बनेको छ ।

अर्थमन्त्री युवराज भट्टराईले अर्थमन्त्रालय सम्हाले लगत्तै लागू गरिएको खर्च नियन्त्रण, रकमान्तर व्यवस्थापन र बजेट कार्यान्वयनसम्बन्धी नीतिको प्रत्यक्ष प्रभाव हो । यसले हरेक मन्त्रालय सञ्चालनको क्रममा देखिने अपारदर्शीता र अनियमितताामाथि प्रश्न उठ्दै आइरहेको समयमा यसपटक भने त्यस्तो भएन । बरु हरेक मन्त्रालयको सार्वजनिक वित्त व्यवस्थापनलाई थप पारदर्शी, उत्तरदायी र अनुशासित बनाएको छ ।

अर्थ मन्त्रालयको यो कदमले वर्षौंदेखि आलोचित 'असारे खर्च'को संस्कृतिमा सुधार सम्भव रहेको संकेत दिएको छ ।

# गरुडामा आर्थिक वर्षको अन्तिम रात 'गोप्य भुक्तानी'

**सञ्जय मिश्रा**

रौतहट । रौतहटको गरुडा नगरपालिकामा आर्थिक वर्षको अन्तिम समयमा कार्यालयमा ताला लगाएर कर्मचारीको निजी घरबाट विभिन्न योजनाको करोडौँ रुपैयाँ बराबरको भुक्तानी प्रक्रिया सञ्चालन गरिएको आरोप सार्वजनिक भएको छ ।

सरकारी कार्यालयभन्दा बाहिर बसेर सार्वजनिक कोषको भुक्तानी गरिएको घटनाले स्थानीय तहको वित्तीय अनुशासन, पारदर्शिता र सुशासनमाथि गम्भीर प्रश्न खडा गरेको छ ।

स्थानीय स्रोतका अनुसार असार २४ र २५ गते राति तथा आर्थिक वर्षको अन्तिम दिन नगरपालिकाको नियमित कार्यालयमा नभई दुर्गाभगवती गाउँपालिका-३ मत्सरीस्थित स्वास्थ्य शाखा प्रमुख प्रविण झाको निजी घरबाट विभिन्न योजनाको भुक्तानीका चेक तयार पारिएको थियो। आर्थिक वर्ष समाप्त भएसँगै राति ११:५९ बजेपछि वित्तीय प्रणाली बन्द हुने भएकाले हतारमा त्यहीँबाट भुक्तानी प्रक्रिया अघि बढाइएको दाबी गरिएको छ ।

यस क्रममा नगर प्रमुख कन्थमणि जयसवाल, प्रमुख प्रशासकीय अधिकृत नीलमकुमार न्यौपाने, लेखा शाखाका कर्मचारी तथा केही वडाध्यक्षको संलग्नतामा कार्यालयबाहिरबाट भुक्तानी प्रक्रिया सञ्चालन भएको आरोपसमेत सार्वजनिक भएको छ ।

बिहीबार साँझ प्रमुख प्रशासकीय अधिकृत न्यौपाने कार्यालयमा नभई सोही घरमा लेखा शाखाका कर्मचारी सत्यनारायण सहनीसहित विभिन्न योजनाको भुक्तानीका चेक तयार गरिरहेको अवस्थामा प्रहरी पुगेको थियो। नगरपालिकाको कार्यालयबाट करिब २० किलोमिटर टाढा रहेको उक्त स्थानमा सरकारी आर्थिक कारोबार भइरहेको सूचनाका आधारमा प्रहरी पुगेको स्रोतले जनाएको छ ।



जिल्ला प्रशासन कार्यालयका अनुसार सेवाग्राहीको काम प्रभावित नहोस् भन्ने उद्देश्यले प्रमुख प्रशासकीय अधिकृतसहित सम्बन्धित कर्मचारीलाई नियन्त्रणमा लिएर आवश्यक सोधपुछपछि छाडिएको थियो ।

स्थानीयवासीका अनुसार नगरपालिकाका धेरै योजना अझै पूर्ण रूपमा सम्पन्न भएका छैनन्। तर कागजी रूपमा सम्पन्न देखाएर आर्थिक वर्षको अन्तिम घडीमा भुक्तानी गरिएको आशंका गरिएको छ। यदि अनुसन्धानबाट उक्त आरोप पुष्टि भए सार्वजनिक खर्च व्यवस्थापन, योजना कार्यान्वयन र भुक्तानी प्रणालीमाथि गम्भीर प्रश्न उठ्ने देखिन्छ ।

प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले घटनाको अनुसन्धान भइरहेको जानकारी दिँदै कार्यालय बन्द गरेर अन्यत्र सरकारी भुक्तानी गरिएको विषयलाई गम्भीर रूपमा लिइएको बताए। उनका अनुसार प्रमुख प्रशासकीय अधिकृत नीलमकुमार न्यौपानेसहित संलग्न कर्मचारीमाथि आवश्यक कारबाहीका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा लिखित सिफारिस गरिएको छ ।

घटनापछि स्थानीयवासीले निष्पक्ष छानबिन गरी दोषीमाथि कानुनबमोजिम कारबाही गर्न माग गरेका छन्। उनीहरूले सरकारी कार्यालयमा ताला लगाएर निजी घरबाट सार्वजनिक कोषको भुक्तानी गरिएको घटनाको सत्यतथ्य सार्वजनिक गर्न सम्बन्धित निकायसँग आग्रह गरेका छन् ।

सो विषयमा प्रतिक्रिया लिन प्रमुख प्रशासकीय अधिकृत नीलमकुमार न्यौपानेलाई पटक-पटक सम्पर्क गर्ने प्रयास गरिए पनि उनी सम्पर्कमा आएनन्। यता नगर प्रमुख कन्थमणि जयसवालले भने कार्यालयबाहिर बसेर सरकारी चेक काट्ने कार्य उचित नभएको स्वीकार गरेका छन् ।

# केन्द्रीय बैंकद्वारा ६० अर्ब निक्षेप सङ्कलनका लागि बोलकबोल आह्वान




काठमाण्डु । नेपाल राष्ट्र बैंकले बजारबाट तरलता व्यवस्थापन गर्ने उद्देश्यले रु ६० अर्ब बराबरको निक्षेप संकलन गर्ने भएको छ ।

राष्ट्र बैंकको मौद्रिक व्यवस्थापन विभागले आज सूचना जारी गर्दै १९ दिनको निक्षेप सङ्कलन उपकरणमार्फत उक्त रकम सङ्कलन गर्न बोलकबोल आह्वान गरिएको जनाएको छ । बोलकबोल आज दिउँसो ३:०० बजेसम्म अनलाइन बिडिङ सिस्टम सफ्टवेयर (ओबीएसएस) मार्फत हुनेछ ।

सूचनाअनुसार निक्षेप सङ्कलन उपकरण आजै निष्कासन गरिनेछ भने यसको साँवा तथा ब्याज आगामी असोज २३ गते भुक्तानी गरिनेछ । ब्याजदर बोलकबोल प्रक्रियाबाट निर्धारण हुनेछ ।

बोलकबोलमा न्यूनतम रु १० करोड र अधिकतम रु पाँच करोड दरले भाग गर्दा निःशेष भाग जाने गरी कुल आह्वान रकमसम्म आवेदन दिन सकिने छ । निक्षेप सङ्कलन उपकरणमा नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त 'क', 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्था मात्र सहभागी हुन पाउनेछन् । रासस


## भूमि प्रशासन कार्यालय, सिम्रौनगढ, बारा

### ३५ दिने हकदावी सम्बन्धी सूचना

उपरोक्त सम्वन्धमा श्री बारा जिल्ला अदालतको मिति २०५८।०२।१० को मिलापत्र तथा च.न. ३७१ मिति २०५८।०५।२३ को जानकारी पत्र अनुसार तपसिलका जग्गाहरु बदरी महतो कोइरीको अंश भागमा परेका तपसिल बमोजिम निजले आफ्नो कालगतिबाट मिति २०७०।०८।१० गते प्रलोक भइ सकेपछि निजको शेषपछिको हकखाने एक मात्र पत्नी सन्झरिया कोइरीन भएकोमा निजले आफ्नो कालगतिबाट मिति २०७९।०१।२७ गते प्रलोक भइ सकेपछि निजहरुको शेषपछिको हकखाने हकदार २ छोरा भैरोलाल प्रसाद महतो र कान्छो रामनिवास महतो कोइरी वाहेक अरु हकदार नरहेकोले भैरोलाल प्रसाद महतो र रामनिवास महतो समेतले केश्वर महतो कोइरी समेतको नामबाट हामीहरुको संयूक्त नाममा दा.खा. नामसारी गरि दिनको लागि यस कार्यालयको द.न. १५१३ मिति २०८२।०७।३० मा निवेदन दिइएकोले उक्त दा. खा. नामसारी नहुने वा उक्त जग्गाको अन्य हकदार भएको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा उजुरवाजुर गर्न आउनु हुन जानकारी गराइन्छ अन्यथा कानून बमोजिम भइ जाने व्यहोरा जानकारी गराइन्छ ।

**तपसिल**

| जिल्ला | गा.वि.स. | वडा नं. | कि.न. | ज.वि. | ज.ध. |
|---|---|---|---|---|---|
| बारा | कचोर्वा | ६ | १५८ | ०-१-१५ मध्ये पूर्वतर्फवाट ०-०-५ र पूर्व पश्चिम ०-०-५ छाडी वाकी मध्येबाट उत्तरवाट ०-०-१२-८ | केश्वर महतो भन्ने किशोर महतो |
| बारा | कचोर्वा | ६ | ७०३ | ०-२-० मध्ये उतरतर्फबाट ०-१-० | सबुरी महतो कोइरी |
| बारा | कचोर्वा | ६ | ७७२ | ०-१-० मध्ये उतरतर्फबाट ०-०-१० | सबुरी महतो कोइरी |



## भूमि प्रशासन कार्यालय हरिवन सर्लाही

### ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना

प्रस्तुत सन्दर्भमा जिल्ला सर्लाही लालबन्दी नगरपालिका वडा नं. १५ बस्ने हर्ख बहादुर जिम्बा तामाङले निजको हजुरबाबु विरमानको नाममा जिल्ला सर्लाही गा.वि.स. पत्थरकोट वडा नं. ७ञ कि.नं. ११६ क्षेत्रफल ०-१-१८-० जग्गा दर्ता कामय रहेकोमा निजको मिति २०३०/०२/०९ मा मृत्यु भएको निजको हकवाला एकमात्र पत्नी तिउरी जिम्वाको मिति २०३२/०१/१० मा मृत्यु भएको हुँदा निजहरुको शेषपछिकी हकवाला एकमात्र छोरा लछुमन जिम्वा तामाङ मात्र रहेकोमा निजको पनि मिति २०४७/०१/२० मा र निजको हकवाला एकमात्र पत्नी सोममाया जिम्वा समेतको मिति २०६८/०४/२३ मा मृत्यु भै सकेकाले निजहरुको हकवाला एकमात्र छोरा हर्ख बहादुर जिम्वा तामाङले मेरा नाममा एकलौटी नामसारी गरिपाँऊ भनि द.नं. १३९६७ मिति २०८३/०३/२२ मा माग निवेदन पेश गरेकाले उक्त जग्गामा कसैको हकदावी छ वा उक्त जग्गा निजको माग अनुसार नामसारी गर्नु नपर्ने कारण भए प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र हकदावी गर्न आउनुहोला अन्यथा कानून बमोजिम नामसारी भै जाने ब्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



## भूमि प्रशासन कार्यालय, गौर, रौतहट

### मोहियानी हकदावी सम्बन्धी ३५ दिने सूचना

तपसिलको जग्गाको मोही रोसन विनको नाम मरुवा मोही लगत कटा गरी पाउँ भनी कार्यवाहीको क्रममा ३५ पैतिस दिने सूचना जारी गरिएको छ। तपसिलका मोही वा हकवाला कोही भई मरुवा मोही लगतकटा गर्न नपर्ने भए सो सूचना जारी भएको मितिले ३५ दिन भित्र प्रमाण साथ लिखित हक दावी गर्न आउनु होला वा रीतपूर्वक वारेस कानून व्यवसायी पठाउनु होला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा यसै सूचनावाट सूचित गरिन्छ ।

**तपसिल**

| ज.ध. को नाम | जिल्ला | गा.वि.स. | वडा नं. | किता नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|
| मनतोर्वा देवी मुखिया | रौ. | विशुनपुर्वा मानपुर | ६ | १६८/९२९ | ०-२-१० |
| मनतोर्वा देवी मुखिया | रौ. | विशुनपुर्वा मानपुर | ६ | १६८/९३० | ०-१-४ |

**मरुवा मोही रोसन विन मौ. विसुनपुरवा वार्ड नं. ५ मौ मानपुर**



## सामुदायिक परिवार कल्याण संघ (CFWA)

### आपूर्तिकर्ता तथा सेवा प्रदायक सूची दर्ता सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८३/०३/२७ गते**

सामुदायिक परिवार कल्याण संघ (Community Family Welfare Association–CFWA), जनकपुरधाम-१२, धनुषा स्थित एक गैरसरकारी तथा गैरनाफामूलक संस्था हो। संस्थाले विभिन्न दातृ निकाय तथा साझेदार संस्थाहरूको सहयोगमा सञ्चालन गरिरहेका कार्यक्रम तथा परियोजनाहरूका लागि आर्थिक वर्ष २०८३/०८४ मा आवश्यक पर्ने सामग्री, सेवा तथा परामर्श कार्यहरूको खरिद तथा सेवा प्राप्तिका लागि योग्य, अनुभवी तथा कानूनी रूपमा दर्ता भएका आपूर्तिकर्ता, फर्म, कम्पनी तथा सेवा प्रदायकहरूलाई संस्थाको आधिकारिक आपूर्तिकर्ता सूची (Vendor Roster) मा सूचीकृत हुन आवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

**क. सामग्री तथा सेवाका क्षेत्रहरू**

१. **होटल तथा क्याटरिङ सेवा को दररेट** (Rate List/Quotation)
- तालिम, गोष्ठी तथा कार्यशाला व्यवस्थापन
- आवास तथा खानपान सेवा
- खाजा तथा रिफ्रेसमेन्ट सेवाको लागि

२. **कार्यालय सामाग्री, खेलकुद तथा स्टेशनरी को दररेट** (Rate List/Quotation)
- स्टेशनरी सामाग्री
- कार्यालय प्रयोजनका स्टेशनरी तथा विविध सामग्रीहरु
- खेलकुदका सामाग्रीहरु

३. **छपाई तथा प्रकाशन सेवा को दररेट** (Rate List/Quotation)
- फ्लेक्स, ब्यानर तथा स्टिकर प्रिन्टिङ
- फोटो प्रिन्टिङ
- प्रतिवेदन, पुस्तिका तथा क्ष्ञ्च सामग्री छपाई

४. **सवारी साधन सम्बन्धी सेवा को दररेट** (Rate List/Quotation)
- मोटरसाइकल मर्मत तथा मर्मतसम्भार
- सवारी साधन भाडा सेवा र फिल्ड भ्रमण तथा कार्यालय प्रयोजनका लागि सवारी उपलब्ध गराउने

५. **सूचना तथा सञ्चार प्रविधि सेवा** ( **सुचिकृतको लागि**)
- प्रिन्टर तथा फोटोकपी मेसिन मर्मत सेवा
- कम्प्युटर तथा सम्बन्धित उपकरण मर्मत सेवा
- Electronic तथा A/C मर्मत सेवा

६. **अन्य आवश्यक सेवा** ( **सुचिकृतको लागि**)
- किराना तथा खाध्यान्य
- हार्डवेयर तथा सप्लार्यस
- सर्जिकल सप्लार्यस
- फर्निचर सप्लार्यस

**ख. आवेदनसंग पेश गर्नुपर्ने कागजातहरू**

**आवेदनकर्ताले निम्न कागजातहरूको प्रमाणित प्रतिलिपि संलग्न गर्नुपर्नेछः**
- फर्म/कम्पनी दर्ता प्रमाणपत्र
- PAN/VAT दर्ता प्रमाणपत्र
- आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र
- सम्बन्धित सेवा वा सामग्रीको दररेट (Rate List/Quotation)
- बैंक खाताको विवरण
- सम्पर्क व्यक्ति, मोबाइल नम्बर, इमेल तथा कार्यालय ठेगाना
- सम्बन्धित क्षेत्रको अनुभव तथा कार्यसम्पादन गरेको प्रमाण

**ग. आवेदन पेश गर्ने तरिका**
- इच्छुक आपूर्तिकर्ता तथा सेवा प्रदायकहरूले आवश्यक कागजातसहित सिलबन्दी आवेदन CFWA कार्यालयमा बुझाउनुपर्नेछ।
- विस्तृत विवरण तथा आवेदन ढाँचा CFWA कार्यालय, जनकपुरधाम-१२, आरआरएम क्याम्पस पुर्वरहेको कार्यालय समयभित्र प्राप्त गर्न सकिनेछ।
- आवेदन २०८३/०४/०९ गते कार्यालय समयभित्र पेश गरिसक्नुपर्नेछ। (आवश्यकता अनुसार मिति परिवर्तन गर्न सकिन्छ)

**घ. सर्त तथा निर्देशनहरू**
- आवेदनमा आफूले सेवा उपलब्ध गराउन चाहेको क्षेत्र स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ।
- अपूर्ण, ढिलो वा आवश्यक कागजात संलग्न नभएका आवेदनहरू स्वतः रद्द गरिनेछन्।
- सूचीकृत हुनु भनेको खरिद वा सेवा सम्झौता प्राप्त गर्ने सुनिश्चितता होइन।
- संस्थाको आवश्यकता, गुणस्तर, प्रतिस्पर्धात्मक दर तथा खरिद नीति अनुसार सूचीकृत आपूर्तिकर्ताहरूबाट खरिद तथा सेवा लिइनेछ ।
- आवेदन स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार CFWA मा सुरक्षित रहनेछ ।
- आवश्यक परेमा संस्थाले थप कागजात वा जानकारी माग गर्न सक्नेछ ।

**सम्पर्क व्यक्ति**: श्री सत्यम गुरुङ्ग, लेखा संयोजक, फोनः ९८०४००३७९८

**सम्पर्क ठेगाना**

**सामुदायिक परिवार कल्याण संघ (CFWA)**

**जनकपुरधाम-१२, आरआरएम क्याम्पस देखि पूर्व, धनुषा**

# बजेट छलफल अन्यौल बन्दै, अध्यादेशको तयारी

**उपभोक्ता समितिमुखी बजेट नियन्त्रण गर्ने नाममा सरकारले सार्वजनिक गरेको नीति तथा कार्यक्रम कमिसनमुखी बजेट ल्याएको आरोप प्रतिपक्षी दलको रहेको छ ।**

**टुडे समाचारदाता**

जनकपुरधाम । आगामी आर्थिक वर्ष २०८३/८४ का लागि मधेश प्रदेश सरकारले प्रदेश सभामा सार्वजनिक गरेको बजेट करिब चार साता बित्न लाग्दा पनि प्रक्रिया अघि बढाएको छैन ।

सत्तापक्ष र प्रतिपक्षबीच सहमति जुट्न नसक्दा असार १४ गतेदेखि प्रदेश सभाको बैठक निरन्तर अवरुद्ध छ भने बजेटमाथिको छलफल अघि बढन सकेको छैन ।



मुख्यमन्त्री कृष्णप्रसाद यादव नेतृत्वको सरकारले ल्याएको बजेट प्रदेशका अर्थमन्त्री युवराज भट्टराईले प्रदेश सभामा प्रस्तुत गरेका थिए । तर, बजेटमाथिको छलफल सुरु भएलगत्तै प्रतिपक्षी दलहरूले विरोध जनाएपछि बैठक पटकपटक स्थगित हुँदै आएको छ ।

प्रदेश सभामा नेपाली कांग्रेस, नेकपा एमाले र नेकपाको समर्थनमा सरकार सञ्चालन भइरहेका बेला प्रतिपक्षमा रहेका जनता समाजवादी पार्टी (नेपाल), जनमत पार्टी र राप्रपा नेपालले बजेट र नीति-कार्यक्रमप्रति असन्तुष्टि जनाउँदै सदन अवरुद्ध गर्दै आएका छन् ।

प्रतिपक्षी दलहरूले लोक सेवा आयोग र जनलोकपालमा गरिएको नियुक्ति खारेज र बजेट मन्त्री लक्षित रहेको भन्दै त्यसलाई पुनर्लेखनको माग गर्दै सदन अवरुद्ध गर्दै आएका छन् ।

पूर्वमुख्यमन्त्री तथा जसपा नेपालका नेता लालबाबु राउतले सरकारले आर्थिक अनियमिततालाई संस्थागत गर्ने उद्देश्यले बजेट ल्याएको आरोप लगाएका छन् । उनका अनुसार बजेट विकासको आवश्यकताभन्दा पनि सीमित समूहको स्वार्थ र आर्थिक चलखेललाई केन्द्रमा राखेर तयार गरिएको छ ।

उपभोक्ता समितिमुखी बजेट नियन्त्रण गर्ने नाममा सरकारले सार्वजनिक गरेको नीति तथा कार्यक्रम कमिसनमुखी बजेट ल्याएको आरोप प्रतिपक्षी दलको रहेको छ । मुख्यमन्त्री तथा मन्त्रीहरूले आफ्ना निर्वाचन क्षेत्रलाई प्राथमिकतामा राख्दै योजना समावेश गरेको, एक करोड रुपैयाँभन्दा कमका योजना नराख्ने प्रतिबद्धता जनाए पनि एउटै सिफारिसमा धेरै साना योजना समेटेर जनतालाई भ्रममा पार्ने प्रयास गरिएको प्रतिपक्षी दलहरुले आरोप लगाउँदै आएको छ ।

जसपा नेपालका सांसद एवं पूर्व अर्थमन्त्री संजय यादवले विशेष अनुदान अन्तर्गत मधेश प्रदेशका १३६ वटै स्थानीय तहमा एउटै प्रकृतिको पोषण कार्यक्रम राखिएको विषयलाई पनि प्रतिपक्षले प्रश्न उठाएको छ । उनले पोषण सामग्री वितरणका लागि छुट्याइएको १२ करोड ४० लाख रुपैयाँ योजनागत आवश्यकता भन्दा पनि सेटिङ र स्वार्थका आधारमा सबै पालिकामा बाँडिएको आरोप लगाएका छन् ।

यता, सत्तापक्षले भने बजेट सबै दल र सरोकारवालासँग छलफल गरेर ल्याइएको दाबी गर्दै प्रतिपक्षको विरोध राजनीतिक प्रेरित भएको जनाएको छ । सरकार पक्षले केही विपक्षी दल आफ्ना निर्वाचन क्षेत्रमा योजना नपरेको असन्तुष्टिका कारण तथा उपभोक्ता समितिमार्फत पुरानै अभ्यासलाई निरन्तरता दिन दबाब सिर्जना गर्न सदन अवरुद्ध गरिरहेको आरोप लगाएका छन् ।

अर्थमन्त्री युवराज भट्टराईले संवादमार्फत विवाद समाधान गर्ने प्रयास जारी रहेको बताए । उनले आवश्यक परे कसले-कसले कुन योजना मागेको थियो भन्ने विवरण समेत सार्वजनिक गर्न सरकार तयार रहेको उल्लेख गर्दै आवश्यक सुधारका लागि पनि सरकार सकारात्मक रहेको बताएका छन् ।

मधेश प्रदेशमा बजेट पारित गर्ने क्रममा विगतमा पनि राजनीतिक विवाद हुने गरेका थिए । तर, यसपटक करिब चार सातादेखि जारी गतिरोधले बजेट पारित हुने प्रक्रिया मात्र नभई आगामी आर्थिक वर्षका विकास आयोजना, सरकारी कार्यक्रम तथा वित्तीय व्यवस्थापनसमेत प्रभावित हुने चिन्ता बढेको छ ।

राजनीतिक सहमति नजुटे प्रदेश सरकारको नियमित कार्यसम्पादनमै असर पर्ने देखिएकाले सत्ता र प्रतिपक्षबीचको संवादको परिणामलाई चासोका साथ हेरिएको छ ।

श्रोतका अनुसार सत्तारुढ बजेट पारित नभए अध्यादेश मार्फत आर्थिक कारोबार अघि बढाउने तयारी समेत गरिरहेको छ । प्रतिपक्षी दललाई सहमतिमा ल्याउने प्रयास सरकार पक्षले गर्छन, यदि तिनीहरु मानेन भने अध्यादेशमा आर्थिक तथा प्रशासनिक कार्य अघि बढाउने गरी तयारीमा जुटेको र त्यसको खाका समेत तयार भइसकेको श्रोतको दाबी छ ।

# स्थानीय सरकारलाई शिक्षाको अधिकार : बाँदरको हातमा नरिवल

**ब्लग :**



**श्यामसुन्दर शशि**

गत साता एउटा तस्वीर र एउटा समाचार निकै भाइरल भयो । तस्वीरमा जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोज कुमार साह, केही वडाध्यक्षहरु, शिक्षा शाखा प्रमुख अञ्जु पाण्डे तथा नगर शिक्षा समिति सदस्य दीपक ठाकुरसमेत देखिएका थिए । सबैको हाथमा एउटा पुस्तक थियो- 'अप्पन जनकपुरधाम ।' फोटोको तल क्यापसन लगाइएको थियो- 'मैथिली पाठ्यपुस्तक विमोचन । नगर प्रमुख श्री मनोजकुमार साहजीको पहलमा । कक्षा १देखि ३ सम्मका विद्यार्थीका लागि ।'

नेपालको संविधान २०७२ ले माध्यमिक स्तरसम्मको शिक्षाको अधिकार स्थानीय सरकारलाई प्रदान गरेको छ । स्थानीय पाठ्यक्रम निर्माणका लागि नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र राष्ट्रिय पाठ्यक्रम प्रारुप मुख्य कानूनी आधार प्रदान गरिएको छ । यी व्यवस्थाहरुलाई टेकेर स्थानीय तहलाई आफ्नो आवश्यकताअनुसार छुट्टै पाठ्यक्रम विकास र कार्यान्वयन गर्ने अधिकार प्राप्त हुन्छ । नेपालको संविधानः संविधानको अनुसूची ८ ले आधारभूत तहसम्मको शिक्षा स्थानीय सरकारको अधिकार क्षेत्रभित्र राखेको छ । साथै, धारा ३२ ले प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि र संस्कृति संरक्षण गर्दै स्थानीय तहमा मातृभाषामा शिक्षा पाउने हक सुनिश्चित गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४: यस ऐनको दफा ११ ले गाउँपालिका तथा नगरपालिकालाई स्थानीयस्तरको शैक्षिक योजना निर्माण, कार्यान्वयन, र कक्षा १ देखि ८ सम्मको १०० पूर्णांकको स्थानीय पाठ्यक्रम (वा मातृभाषा) निर्माण तथा व्यवस्थापन गर्ने अधिकार दिएको छ । कक्षा १-३ का लागि ५ पाठ्यभार र कक्षा ४-८ का लागि ४ पाठ्यभारको छुट्टै स्थानीय पाठ्यक्रम विकास गर्नुपर्ने नियम छ । नेपालको संविधान तथा विभिन्न कानूनहरुको जगमा जनकपुरधाम उपमहानगर पालिकाले निर्माण गरेको अप्पन जनकपुरधाम पाठ्यपुस्तकको विमोचन भई सकेको छ । जनकपुरधाम नगर कार्यसमितिले पाठ्यपुस्तक लागू गर्ने निर्णय पनि गरि सकेको छ । तर यहाँहरुलाई दुःखका साथ भन्नु पर्ने हुन्छ- मेयर साहेब र जनप्रतिनिधिज्युहरुले हाथमा लहरै लिएर फोटो खिचाएका 'अप्पन जनकपुरधाम' पाठ्यपुस्तक यस शैक्षिक सत्रदेखि कार्यान्वयनमा आउने कि नआउने द्विविधा भने विद्यमान नै छ । यसको कारण हो- पुस्तक लेख्ने सम्झौता गरेका व्यक्तिलाई



जनकपुरधाम उपमहानगर पालिकाले भुक्तानी नगर्नु । जबकि पुस्तक लेख्ने सम्झौता गरेको व्यक्ति वा संस्था मेयर, वडाध्यक्ष, शिक्षा समिति, विज्ञ समितिसंग पटक पटक बैठब बसेका छन् । नियमानुसार पुस्तक लेखन गर्ने सम्झौता गरेका छन् । कार्यादेश लिएका छन । तर असार २५ गते मिहिलाल यादव भन्ने हाकिम साहेबलाई किन हो कुन्नी मन परेन । उनले भुक्तानी हुदैन भन्दिनु भयो रे ।

मिहिलाल यादव वर्षौदेखि जनकपुरधाम उपमहानगर पालिकामा कार्यरत वरिष्ठ कर्मचारी हुन् । आफ्ना कविता तथा सामाजिक सञ्जाल मार्फत बेला बेला मैथिली भाषाको विरोध गर्नु हुने मिहिलाल सर, जानी जानी पाठ्यपुस्तक लेखन वापतको रकम भुक्तानी रोक्नु भयो, होला भने मलाई लाग्दैन तर यादवजीको यस हैसियतले के प्रमाणित गरेको छ भने- मेयर मनोज कुमार साह मिहिलाल यादव समक्ष निरीह छन् । मेयरले चाहेर पनि वास्तविक उपभोक्ताले भुक्तानी नपाएको यो पहिलो घटना भने होइन, दुई वर्ष अघि मेयर साहको पहलमा कटरैतस्थित जलादि नदीमा बाँध बाधिएको थियो । मेयर साह आफै बाँधको शिलान्यास र उद्घाटन गर्नु भयो । बाँधबाट वरिपरिका करिब एक दर्जन गाउँका हजारौं बिगहा जग्गामा सिँचाइ पनि भयो । तर मिहिलाल यादवजीले बाँध निर्माण वापतको रकम भुक्तानी गर्नु भएन । कटरैतवासी अझै भन्दै छन्-'जनकपुरधाम उपमहानगर पालिकामा मेयर ठुला कि मिहिलाल यादव ?'

समान तथा सेवा खरिद सम्बन्धी प्रष्ट प्रावधान छ । भ्रष्टाचार न्युनीकरण गर्न खरीद प्रक्रियामा जारी छिद्रहरु रोकिनु पर्दछ । तर हेक्का के पनि राख्नु पर्दछ भने- मैले गरेकोमात्र ठिक अरुले गरेको बेठिक । अब पाठ्य पुस्तक निर्माण कै कुरा गरौं- स्थानीय पाठ्यपुस्तक निर्माणका लागि एउटा व्यक्ति वा संस्था विगत चार वर्षदेखि सक्रिय छन् । अन्ततः शैक्षिक सत्र २०८३/०८४ देखि लागू हुने गरी जनकपुरधाम उपमहानगरपालिकासंग सम्झौता हुन्छ । प्रमुख कार्यकारी अधिकृतले पुस्तक लेख्न कार्यादेश पनि दिनु हुन्छ । अन्तिम समयमा मिहिलाल जीले भुक्तानी हुँदैन भन्नुहुन्छ । मेरो जिज्ञासा छ- यस अघि सम्झौता गर्ने तथा कार्यादेश दिने जनकपुरधाम उपमहानगरपालिकाका अधिकारप्राप्त कर्मचारी थिए कि थिएनन् ?

नगर परिषद्को नीति तथा कार्यक्रम एवं नगर कार्यपालिकाको निर्णयलाई एउटा कर्मचारीले कार्यान्वयन गर्दैन, अनि नगर प्रमुख टुलुटुलु हेरेकै हेरै गर्छ भने शिक्षा, स्वास्थ्य जस्ता महत्वपूर्ण निकाय स्थानीय सरकारलाई दिनु बाँदरको हाथमा नरिवल जस्तै हुने छ ।

# भुरा वितरणमा आरोपमा ४ जनामाथि भ्रष्टाचार मुद्दा

**टुडे समाचारदाता**

जनकपुरधाम । माछाको भुरा वितरण कार्यक्रममा व्यापक अनियमितता भएको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले धनुषाका तत्कालीन जिल्ला कृषि विकास कार्यालयका प्रमुखसहित चार जनाविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ ।




आयोगद्वारा जारी प्रेस विज्ञप्तिअनुसार आर्थिक वर्ष २०७४/०७५ मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत जिल्ला कृषि विकास कार्यालय, धनुषाले सञ्चालन गरेको मत्स्य सुपरजोन कार्यक्रममार्फत माछाको भुरा वितरणका क्रममा नक्कली कागजात तयार गरी सरकारी रकम दुरुपयोग गरिएको अनुसन्धानबाट खुलेको हो ।

अख्तियारका अनुसार उक्त कार्यक्रमका लागि विनियोजन गरिएको कुल रु. २ करोड ३४ लाख २८ हजार बजेटमध्ये नक्कली लाभग्राही खडा गरिएको, अस्तित्वमै नभएका माछा फार्म देखाइएको तथा वास्तविक रूपमा भुरा नपाएका व्यक्तिको नाममा समेत झुटा विवरण तयार पारिएको पाइएको छ। यसरी रु. ७२ लाख ५९ हजार ९० सरकारी रकम हिनामिना भएको आयोगको दाबी छ ।

यस घटनामा संलग्न रहेको आरोपमा तत्कालीन कार्यालय प्रमुख सुकेश्वर झा, तत्कालीन लेखापाल रामचन्द्र ठाकुर, तत्कालीन प्राविधिक सहायक देवेन्द्रलाल कर्ण तथा सुदेश माछापालन केन्द्रका प्रोप्राइटर राम सुदिश शरणविरुद्ध विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको आयोगले जनाएको छ ।

आरोपपत्रमा उल्लेख भएअनुसार तीन जना सरकारी कर्मचारीविरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) बमोजिम जनही रु. ७२ लाख ५९ हजार ९० बिगो कायम गरी सोही बराबरको रकम असुल गर्न तथा कानुनअनुसार सजायको माग गरिएको छ ।

त्यसैगरी निजी पक्षका राम सुदिश शरणविरुद्ध पनि सोही बराबरको बिगो कायम गर्दै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) को देहाय (ङ) बमोजिम कारबाही र सजायको मागसहित विशेष अदालतमा मुद्दा दर्ता गरिएको आयोगले जनाएको छ ।

# संसदमै नेता यादवले गरे मौन धारण

**टुडे समाचारदाता**

काठमाण्डू । नेपाली कांग्रेसका प्रतिनिधि सभा सदस्य चन्द्रमोहन यादवले गणेश नेपालीको आत्मदाह र तत्पश्चात् भएको निधनको विषयलाई लिएर संसदमै मौन धारण गरेका छन् ।

शुक्रबार प्रतिनिधिसभामा सभामुखसँग समय लिएर उनले भावुक क्षणमा आफू बोल्न नउभिएको बताए ।




'मुगुका युवा गणेश नेपालीको निधनप्रति हार्दिक श्रद्धान्जिली व्यक्त गर्न चाहन्छु । आज यो देशका सम्पुर्ण युवाको लागि जो निराशाजनक परिस्थिति उब्जेको छ । त्यसप्रति म आफ्नो मौन धारण गरेर विरोध जनाउन चाहन्छु ' उनले भने ।

यत्ति भनेर उनले मौन धारण गरेका हुन् । मुगुका २५ वर्षीय गणेश नेपालीले बिहीबार त्रिपुरेश्वरस्थित राहदानी विभागअगाडि पेट्रोल छर्केर आत्मदाहको प्रयास गरेका थिए । करिब ५५ प्रतिशत शरीर जलेका उनको वीर अस्पतालको बर्न सेन्टरमा उपचार क्रममा उनको शुक्रबार मृत्यु भएको छ ।

भक्तपुरमा डेरा गरी श्रीमती र छोरीसँग बस्दै आएका गणेश राइड सेयरिङ एपमार्फत राइडरको काम गर्थे । आफूले रोकिराखेको मोटरसाइकलमा महानगर प्रहरीले ह्विल लक गरेर लैजाने प्रयास गरेपछि उनले आत्मदाहको प्रयास गरेका थिए । शुक्रबार उनको निधन भएको छ ।

# जनताले आत्मदाह गर्नु राज्यका लागि गम्भीर चेतावनी

**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले कुनै पनि नागरिक आफ्नो पीडा, निराशा वा अन्यायको अनुभूतिलाई आत्मदाहजस्तो अन्तिम निर्णयमार्फत अभिव्यक्त गर्न बाध्य हुनु कानुनी राज्यका लागि अत्यन्त गम्भीर चेतावनी भएको बताएका छन् ।



जसपा, नेपालका अध्यक्ष उपेन्द्र यादवले शुक्रबार एक विज्ञप्ति प्रकाशित गरी गणेश नेपालीको उपचारका क्रममा भएको निधन लोकतान्त्रिक एवं कानुनी राज्यका लागि गम्भीर चेतावनी भएको बताएका हुन् ।

'एउटा व्यक्तिको मृत्युमा परिवारले आफ्नो सदस्य मात्र गुमाउँदैन, समाजले एउटा सक्रिय नागरिक गुमाउँछ र राज्यले आफ्ना नागरिकप्रतिको उत्तरदायित्वमाथि गम्भीर प्रश्नको सामना गर्नुपर्छ,' अध्यक्ष यादवको वक्तव्यमा उल्लेख छ ।

अध्यक्ष यादवले उक्त घटनालाई केवल व्यक्तिगत दुर्घटना वा क्षणिक आवेगका रूपमा टार्न नहुने उल्लेख गर्दै यसको वास्तविक कारण, पृष्ठभूमि तथा त्यसतर्फ पुऱ्याउने सबै परिस्थितिको निष्पक्ष, पारदर्शी र विश्वसनीय छानबिन गर्न सरकारसँग माग गरेका छन् ।

घटनामा कुनै व्यक्ति, संस्था वा राज्य संयन्त्रको लापरवाही, अन्याय वा गैरजिम्मेवारी देखिए कानुनबमोजिम कडा कारबाही हुनुपर्ने उनको भनाइ छ । यादवले सरकारले दिवंगत गणेश नेपालीका परिवारलाई उचित राहत, सम्मानजनक क्षतिपूर्ति तथा आवश्यक सामाजिक र आर्थिक सहयोग तत्काल उपलब्ध गराउनुपर्ने माग पनि गरेका छन् । त्यस्तै, श्रमिक वर्ग, कामदार, युवा तथा आम नागरिकका गुनासा समयमै सम्बोधन गर्ने, न्यायमा सहज पहुँच सुनिश्चित गर्ने र मनोसामाजिक सहयोगलाई प्रभावकारी बनाउने संस्थागत व्यवस्था गर्न सरकारसँग आग्रह गरेका छन् ।

'मानव जीवनभन्दा ठूलो कुनै पनि विषय हुन सक्दैन । राज्यको पहिलो दायित्व नागरिकको जीवन, सम्मान र न्यायको संरक्षण गर्नु हो । कुनै पनि नागरिकले आफ्नो आवाज सुनाउन जीवन नै समाप्त गर्नुपर्ने अवस्था सिर्जना हुनु सभ्य समाजका लागि स्वीकार्य हुन सक्दैन,' यादवले भनेका छन् ।

# पिडीत परिवारमाथि प्रहरीले दुर्व्यवहार गरेको आरोप

**टुडे समाचारदाता**

लहान । करिब दुई महिनाअघि सिरहाको गोलबजार नगरपालिका-११ बलकावामा भएको कुटपिट घटनामा न्याय नपाएको भन्दै इलाका प्रहरी कार्यालय गोलबजार पुगेका पीडित परिवारले आफूहरूमाथि प्रहरीले दुर्व्यवहार गर्दै आफन्तलाई नियन्त्रणमा लिएको आरोप लगाएका छन् ।

प्रहरीले सो आरोप अस्वीकार गर्दै कार्यालयमा भएको हो-हल्ला नियन्त्रण गर्नका लागि मात्र एक जनालाई नियन्त्रणमा लिइएको जनाएको छ ।

पीडित पक्षका अनुसार बाख्रासम्बन्धी सामान्य विवादबाट सुरु भएको झडपमा समसाद लहेरी, उनकी पत्नी जरिना खातुन तथा रुबो खातुन र कैस खातुनबीच कुटाकुट भएको थियो । झगडा छुट्याउन पुगेकी जरिना खातुनसमेत कुटपिटमा परेकी थिइन् ।

घटनामा श्रीमान-श्रीमती दुवै घाइते भएपछि उनीहरूलाई सुरुमा गोलबजारस्थित एक निजी स्वास्थ्य संस्थामा उपचार गराइएको थियो । अवस्था गम्भीर भएपछि थप उपचारका लागि विराटनगरस्थित न्युरो अस्पताल लगिएको र १२ दिन उपचारपछि घर फर्किएको परिवारले जनाएको छ ।

घटनापछि वडा कार्यालयदेखि प्रहरी प्रशासनसम्म पटकपटक गुहार्दा पनि हालसम्म न्याय नपाएको पीडित पक्षको गुनासो छ । जरिना खातुनका अनुसार घटनासम्बन्धी निवेदन दिएको करिब दुई महिना बितिसक्दा पनि प्रहरीले कुनै ठोस कारबाही अघि बढाएको छैन ।




पीडितका अनुसार बिहीबार बिहान करिब ११ बजे छलफलका लागि इलाका प्रहरी कार्यालय गोलबजारमा बोलाइए पनि विपक्षी पक्ष उपस्थित भएन । त्यसपछि आफूहरूलाई मात्र पटकपटक बोलाएर फर्काउने गरिएको भन्दै गुनासो राख्दा प्रहरीले गालीगलौज गर्दै कार्यालयबाट बाहिर निकालेको जरिनाको आरोप छ ।

समसाद लहेरीले पनि प्रहरीको व्यवहारप्रति असन्तुष्टि जनाउँदै आफूले विरोध जनाएपछि आफ्ना भतिजा अफ्ताव लहेरीलाई प्रहरीले नियन्त्रणमा लिएको दाबी गरेका छन् ।

उता, जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता डीएसपी रमेशबहादुर पालले भने पीडित पक्षले लगाएको आरोप अस्वीकार गरेका छन् । उनका अनुसार घटनामा कुनै व्यक्तिलाई मुद्दाका आधारमा थुनामा नराखिएको र कार्यालयमा हो-हल्ला तथा तनावको अवस्था सिर्जना भएपछि स्थिति सामान्य बनाउनका लागि मात्रै एक जनालाई नियन्त्रणमा लिइएको हो ।

डीएसपी पालले घटनाबारे थप जानकारी संकलन भइरहेको र आवश्यक अनुसन्धानपछि कानुनअनुसार प्रक्रिया अघि बढाइने बताए ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८